फो नं. : ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. : ०२१-४७०१६१
email : ocmcm1@gmail.com

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

प.सं. ०७५/०७६
च.नं. १५६२

आर्थिक मामिला तथा ... मिति २०७५/१२/०४
प्रदेश नं. १, विराटनगर, नेपाल
दर्ता नं.: ९२५४
दर्ता मिति: ०७५/१२/८

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, विराटनगर ।

**विषय: प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा ।**

प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संचालन) नियमावली, २०७५ अन्तगर्त निर्वाचन क्षेत्रका पूर्वाधार विकास कार्यक्रमको लागि निम्नानुसार शर्तहरु सहित रकम हस्तान्तरण हुन अनुरोध छ ।

शर्तहरु

१. आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत सशर्त अनुदान (प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम)को ५० प्रतिशत रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय निकायको संचित कोषमा चैत्र मसान्त भित्र दाखिला गर्ने ।

२. स्थानीय तहको कुनै योजना वा कार्यक्रमको निमित्त स्थानीय तहका लागि अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत बाँकी रहेको रकम पेश भएको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक इकाइ कार्यालयले वित्तीय तथा भौतिक प्रगतिका आधारमा स्थानीय सञ्चित कोषमा दाखिल गर्ने।

३. सशर्त अनुदान (प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम) को रकम आषाढ मसान्त सम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने।

४. जिल्ला समन्वय समितिको प्रशासनिक खर्च कार्यक्रम भएको अनुपातको आधारमा मात्रै खर्च गर्न पाइने तथा सोही अनुपातमा खर्च नभएको रकम फिर्ता गर्नु पर्ने ।

५. प्रचलित संघीय, प्रादेशिक एवं स्थानीय तहको ऐन नियम अनुसार मात्र खर्च गर्नुपर्ने ।

६. तोकिएको आयोजना/कार्यक्रम ...

फो नं. : ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. : ०२१-४७०१६१
email : ocmcm1@gmail.com

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

प.सं. ०७५/०७६
च.नं. १४६३

७. अनुदानको रकमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानूनबमोजिम गराउनु पर्ने ।

८. पहिलो किस्ताको रकम खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्राप्त नभएमा दोश्रो किस्ताको रकम हस्तान्तरण नहुने ।

९. कार्य सम्पन्न प्रतिवेदन श्रावण मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आइपुग्नु पर्ने र अन्तिम लेखा परिक्षण भएको मितिले ३० दिन भित्र प्रतिवेदन प्रदेश लेखा नियन्त्रकको कार्यालय मार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने ।

१०. सशर्त अनुदान (प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम) बाट सञ्चालनमा रहेका योजनामा लक्षित उद्देश्य अनुरुप कार्य प्रगति हुन नसकेमा वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयले दिएको निर्देशन पालना नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरुप नभएको पाइएमा वा तोकिएको समयभित्र सम्पन्न नगरेमा वा खर्च भइ बाँकी रहेको रकम प्रदेश संचित कोषमा जम्मा नगरेमा वा आयोजना/कार्यक्रम अधुरो पारी छोडेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्ता योजना सञ्चालनका लागि उपलब्ध गराएको अनुदान रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तिय समानीकरण अनुदान रकमबाट कट्टा गर्न वा रोक्का राख्न सक्नेछ

११. कार्यक्रम कार्यान्वयनको क्रममा कुनै द्विविधा/कठिनाई उत्पन्न भई कार्यान्वय गर्न बाधा परेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा आवश्यक व्यवस्था/निर्णय गर्न सक्ने छ।

.....................................
बलदेव प्रसाद जोशी
सचिव